# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६] काठमाडौं आषाढ २७ गते २०१२ साल [अतिरिक्ताङ्क ७

## कानून मन्त्रालय

श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाहले बनाइबक्सेको तल लेखिएको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ।

### २०१२ सालको ऐन नं. २

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वलनेपालतारा ॐराम पट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कमाण्डर इनचीफ श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र-वीरविक्रम जङ्गबहादुर शाहबहादुर शम्शेर जङ्गदेवानाम् सदा समर विजयिनाम्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## विशेष अदालत गठन गर्नेको निमित्त बनेको ऐन

देशमा समय समयमा पर्न आउने केही मुद्दा मामलाहरू विशेष अदालतबाट हेरी किनारा लगाउन पर्ने सरकारलाई लागेमा सो गराउनको निमित्त विशेष व्यवस्था गर्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाह-अनुसार यो ऐन बनाई जारी गरी बक्सेको छ।

१. संक्षिप्त नाम र विस्तारः— (१) यस ऐनको नाम "नेपाल विशेष अदालत ऐन, २०१३" रहेको छ।

(२) यो ऐन नेपाल राज्यभर तुरुन्त लागू हुने छ।

२. विशेष अदालतको गठनः—(१) आवश्यकतानुसार समय समयमा सरकारले नेपाल गजेटमा प्रकाशित सूचित आदेश द्वारा १ वा ३ जनाको विशेष अदालत गठन गर्न सक्नेछ र सो ३ जना सदस्यमा १ जना अध्यक्ष हुनेछ।

(२) ३ सदस्य भएको विशेष अदालतमा बहुमतको निर्णय कायम हुने छ।

(३) ३ सदस्य भएको विशेष अदालतमा कुनै कारण परी १ जना गैर हाजिर भएमा बाँकी २ जनाले मुद्दा मामिला कारवाई र किनारा लगाउन सक्नेछन्।

(४) उपदफा ३ बमोजिम मुद्दा मामिला किनारा गर्दा राय बाँझी भएमा ३ जनाको इजलासमा दोहर्‍याई छलफल गर्नुपर्छ र बहुमतको निर्णय कायम हुनेछ।

३. मुद्दा सुम्पने सरकारको अधिकारः— समय समयमा पर्न आउने केही मुद्दा मामिलाहरू दफा २ बमोजिम गठन भएको विशेष अदालतलाई सरकारले सुम्पन सक्ने छ र यस्तो मुद्दा मामिलाहरू विशेष अदालतले हेरी किनारा लगाउने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. अख्तियारः— (१) दफा २ बमोजिम सुम्पीएका मुद्दा मामिलाहरूमा कारवाई गर्दा विशेष अदालतले नेपाल कानूनबमोजिम गर्नुपर्छ ।

(२) वारेन्ट समन जारी गर्ने, मुद्दा किनारा गर्नको लागि बयान बकपत्र लिन र प्रमाणको लागि कुनै लिखत वा अरू चीज दाखिल गराउन विशेष अदालतलाई अदालतको सबै अख्तियार हुनेछ ।

५. खानतलासीः—अवस्था हेरी विशेष अदालतले वा विशेष अदालतको आदेश लिई तल्लो दर्जामा पुलीसको सब इन्सपेक्टर दर्जासम्मकाले, पोलिएको वा शंका लागेको मानिसको शरीर वा घर खानतलासी गर्न सक्ने छ ।

६. विशेष अख्तियारः—अदालती बन्दोबस्तको १५२ नं. मा जेसुकै लेखिएको भएता पनि विशेष अदालतको चित्तमा कुनै अभियुक्तलाई थुनामा राख्नु पर्ने लागेमा मुद्दा मामिला किनारा नहुन्जेलसम्म थुनामा राख्न सक्नेछ ।

७. डायरी मिसिल परीरहेको अदालतबाट झिक्ने सरकारको अधिकारः— कुनै मुद्दा मामिलाहरूको किनारा नभै बाँकी रहेको डायरी मिसलहरू सरकारले आदेशद्वारा सर्वोच्च अदालत बाहेक अरू अड्डा अदालतहरूबाट झिकी यस विशेष अदालतलाई सुम्पन सक्नेछ ।

८. अपीलः—विशेष अदालतले दिएको आदेश फैसला र तोकेको सजायमा कसैको चित्त नबुझे सर्वोच्च अदालतमा अपील गर्न पाउनेछ। सो अधिकार सरकारको पनि सुरक्षित रहनेछ।

९, नियम बनाउने अधिकारः— यस ऐनको उद्देश्य कार्यान्वित गर्नको निमित्त सरकारले नियमहरू बनाउन सक्नेछ ।

१० बाधा अड्काउ फुकाउने अधिकारः—यो ऐन कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा सरकारले सो बाधा अड्काउ फुकाउनको लागि गजेटमा सूचना प्रकाश गरी चाहिंदो आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा

११८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परे सरह मानिने छ ।

११. खारेजीः— 'नेपाल चार भञ्ज्याङ्ग विशेष अदालत ऐन, २०१२' र 'विशेष अदालत ऐन २०१२' खारेज गरिएको छ ।

इतिसम्वत् २०१३ साल आषाढ गते रोज शुभम्

सदर २०१३।३।२६।२ मा

आज्ञाले—

नयनबहादुर

का. मु. सेक्रेटरी—कानूनमन्त्रालय

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर, मेघराज शर्मा

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।